स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता प्रदीप खड्काले नेपाली चलचित्र क्षेत्रलाई व्यावसायिक दृष्टिकोणबाट हेर्न जरुरी रहेको बताएका छन् । नेपाली चलचित्र क्षेत्र किराना पसल शैलीमा अगाडि बढिरहेको र व्यावसायिक हुन नसकेको उनको तर्क थियो। आइतबार 'कर्णाली अन्तर्राष्ट्रिय महोत्सव'को विषयमा जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा प्रदीप चलचित्र क्षेत्र पारिवारिक व्यापार समेत भएको बताए । जुन दिन चलचित्रलाई व्यापारको दृष्टिकोणबाट हेरिन्छ, त्यो दिन धेरै कुरा परिवर्तन हुन्छ ।

आजको विचार...



पदम न्यौपाने

तानसेनको... (दुई पेजमा)

बिहेको हल्लाबिच अभिनेता पल शाहले यसबारे आफ्नो प्रतिक्रिया दिएका छन् । सामाजिक सञ्जाल फेसबुकमा लेख्दै शाहले खबरमा कुनै सत्यता नरहेको बताएका हुन् । शाह र नेकपा एमालेकी विद्यार्थी नेतृबिच विवाह हुने केही दिनदेखि चर्चा चलिरहेको थियो । यसबारे शाहले लेखेका छन्, 'मेरो बिहेको खबरले म आफै चकित छु । साथी भाइहरूले गर्नुभएको चिन्ता र चासोको कदर गर्दछु तर यहाँहरूलाई स्पष्ट होस्, यो खबरमा कुनै सत्यता छैन ।'



❐ वर्ष ३० ❐ अंक १३७ ❐ २०८१ मंसिर २५ गते मंगलबार 10 December 2024, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# सहाराविहीनहरुले पाए पुनर्जीवन

**घरपरिवार, आफन्त, विभिन्न संघ संस्थादेखी सरकारको नजरमा नपरेका सहाराविहिन अवस्थामा रहेका बालबालिका र मानसिक सन्तुलन गुमाएका व्यक्तिहरुलाई अभियान नेपाल पाल्पाले पुनर्जीवन प्रदान गर्दै आएको छ ।**

**कृष्ण पोखरेल**

**पाल्पा,** मंसिर २४/आईतबार तानसेन नगरपालिकाको धुर्वघाटस्थित एक घरमा चहल पहल थियो । कोई बालबालिका टाईसेटमा देखिन्थे, कोही अर्धबैशे खालका महिला पुरुष थिए । कोही आफ्नो तालमा कराउँदै बरबराउँदै थिए । कोही आफ्नै धुन र सुरमा तलमाथी गर्दै थिए । कोही शारिरिक अपाङ्गको कारण कोठामा बसेका देखिन्थे ।

त्यहाँ जम्मा भएका अधिकांश व्यक्तिहरु घरवारविहिन भएका, बाबुआमा नभएका तथा आफन्तबाट टाडिएका मानसिक सुन्तलन गुमाएका, परिवारले स्विकार नगरेका व्यक्तिहरु थिए । विभिन्न पिडा तथा हिंसाबाट अभियान नेपालसँग जोडिएका यी प्रकृतिका सबै व्यक्तिहरुको भने जीवनमा नसोचेको परिवर्तन आएको छ । घरपरिवार, आफन्त, विभिन्न संघ संस्थादेखी सरकारको नजरमा नपरेका सहाराविहिन अवस्थामा रहेका बालबालिका र मानसिक सन्तुलन गुमाएका व्यक्तिहरुलाई अभियान नेपाल पाल्पाले पुनर्जीवन प्रदान गर्दै आएको छ ।

अभियान नेपालले सिलोम आवासीय बालगृह र नवजीवन मानसिक पुर्नस्थापना केन्द्र सञ्चालन गर्दै आएको छ । संस्थाले २२ बर्षदेखी आवासीय बालगृह र १२ बर्षदेखी मानसिक पुर्नस्थापना केन्द्र सञ्चालन गर्दै आएको छ । अहिले सिलोन बालगृहमा २१ जना बालबालिका रहेका छन् । जसमा १२ जना छात्रा र ९ जना छात्र रहेका छन् । बालगृहमा रहेका ३ जना बाहेक सबै जना विद्यालयदेखी क्याम्पससम्म अध्ययन गर्दै आएका छन् । संस्थाले



*अभियान नेपालको ११ औं साधारण सभाको उद्घाटन गर्दै जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनाल ।*

पारिवारिक विछोड देखी परिवारविहिन अवस्थाका बालवालिकाहरुलाई औषधी उपचार गरी, गाँस, बाँस, कपाससँगै शिक्षा दिक्षा प्रदान गर्दै आएको छ । उसले हालसम्म ९३ जना बालवालिकालाई उद्दार गरी पुनर्जीवन प्रदान गरेको छ । संस्थाले अर्को तर्फ विभिन्न परिवेश, घटनाले मानसिक सुन्तलन गुमाएर लावारिस अवस्थामा सडकमा हिडडुल गर्ने व्यक्तिहरुलाई पनि उपचारसँगै लामो समय हेरचाह, सामाजिक परिवेशमा घुलमिल गराई पुर्नजिवन प्रदान गर्दै आएको छ । संस्थाले हालसम्म ४० भन्दा बढी व्यक्तिहरुलाई पुर्नस्थापन केन्द्रबाट पुनर्जीवन दिएको छ ।

**-बाँकी अन्तिम पेजमा...**

## संक्षिप्त समाचार

### हाइटी हिंसामा १ सय ८४ जनाको मृत्यु

**(रासस/एएफपी)**

**जेनेभा,** मंसिर २४/हाइटीको राजधानीमा भएको हिंसामा पछिल्लो एक हप्तामा १ सय ८४ जनाको मृत्यु भएको छ । संयुक्त राष्ट्रसंघीय मानवअधिकार प्रमुखले हाइटीको राजधानीमा सामूहिक हिंसाका कारण १ सय ८४ जनाको मृत्यु भएको सोमबार बताएका हुन् । जेनेभामा पत्रकारहरूसँग कुरा गर्दै भोल्कर तुर्कले भने, 'गत साता मात्र हाइटीको राजधानी पोर्ट-ओ-प्रिन्समा एक शक्तिशाली गिरोहका नेताद्वारा आह्वान गरिएका आक्रमण र प्रत्यक्रमणका क्रममा कम्तीमा १ सय ८४ जनाको मृत्यु भएको छ । उनका अनुसार यी पछिल्ला घटना र यसबाट मृत्यु भएका मानिसहरूको संख्यासँगै यो बर्ष मात्र हाइटीमा हिंसात्मक आक्रमणका कारण मृत्यु हुनेहरूको संख्या पाँच हजार पुगेको छ ।'

### रविलाई वीरगञ्ज लगियो

**पोखरा,** मंसिर २४/सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसूरमा प्रहरी हिरासतमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई अनुसन्धानका लागि वीरगन्ज लगिएको छ । लामिछानेलाई पोखराबाट सोमबार जहाजमा काठमाडौं हुँदै सिमरा पुऱ्याइएको र त्यहाँबाट गाडीमा वीरगन्ज पुऱ्याइएको हो । यसै प्रकरणमा पक्राउ परेका गोर्खा मिडियाका पूर्वसञ्चालक छविलाल जोशी र रामबहादुर खनाललाई पोखराबाट वीरगञ्ज लगिसकिएको छ । रविसहित १४ जनाविरुद्ध सानोपाइला सहकारीको रकम अपचलनको बारेमा १९ मंसिरमा पर्सा जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएको थियो । यो सहकारीका पूर्वसञ्चालक तथा संरक्षक जीबी राई हुन् । लामिछानेमाथि यसअघि कास्कीको सूर्यदर्शन सहकारी, बुटवलको सुप्रिम सहकारी, चितवनको साहारा सहकारी र काठमाडौं लगायतमा भएको रकम हिनामिनामा बयान भइसकेको छ । लामिछाने गत कात्तिक २ गते काठमाडौंबाट पक्राउ परेका थिए ।

## कर्मचारी आवश्यकता

**सारा मोटर कर्प्स**का लागि केही कर्मचारीको आवश्यकता परेको हुनाले इच्छुक योग्य नेपाली नागरिकबाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

**संख्या :** महिला १ (एक), पुरुष ३ (तीन)

**योग्यता :** +२ उत्तीर्ण

**तलव :** नियम अनुसार

**आवेदन दिने अन्तिम मिति :** २०८१/०८/३० गते सम्म ।

आवेदकले आफ्नो बायोडाटा सहित कार्यालयमा सम्पर्क गर्नुहोला ।

*(नोट : कम्प्यूटर सम्बन्धी ज्ञान भएको, मोटरसाइकल, स्कुटीको लाइसेन्स भएको र अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।)*

**सारा मोटर कर्प्स**

होलाङ्दी, तानसेन, पाल्पा

सम्पर्क नं. : ९८५७०८२५०१

E-mail : saramotorsales@gmail.com

# वार्षिक पाँच करोडसम्म सुन्तलाको कारोबार

**वालिङ (स्याङ्जा),** मंसिर २४/यहाँका सुन्तला व्यवसायी एवं अगुवा किसान फणिनारायण अर्यालले बर्सेनि पाँच करोडसम्म सुन्तालको कारोबार गदै आएका छन् । जिल्लाको अर्जुनचौपारी गाउँपालिका-१ थापाथोकमा त्रिपुत्र बागवानी कृषि फार्ममार्फत उनले बर्सेनि करोडौँको सुन्तलाको कारोबार गर्दै आएका हुन् ।



अर्यालले आफ्नै बगैँचामा उत्पादन गरेको सुन्तला र अन्य किसानबाट खरिद गरेर ल्याएको सुन्तला बिक्रीबाट यसवर्ष पनि पाँच करोडभन्दा बढी कारोबार हुने अनुमान गरिएको बताए । उत्पादन बढी हुँदा र बजार मूल्य राम्रो भएको अवस्थामा वार्षिक पाँच करोडसम्मको करोबार हुने उनले जानकारी दिए । 'आफ्नै फार्ममा उत्पादन भएको सुन्तला र अरु किसानबाट खरिद गरी बिक्री गर्दै आइरहेको छ', अर्यालले भने, 'सुन्तला खरिद बिक्रीबाट यसवर्ष पाँच करोडको कारोबार हुने अनुमान छ ।' गतवर्ष चार करोड बराबारको कारोबार भएको भन्दै यसवर्ष उत्पादनमा वृद्धि हुनुका साथै बजार मूल्य राम्रो भएकाले कारोबार बढ्ने दाबी गरे । सुन्तला बिक्रीबाट जिल्लामा सबैभन्दा बढी आम्दानी गर्ने व्यवसायीका रूपमा अर्याल परिचित छन् । उनले ८० रोपनी क्षेत्रफलमा दुई हजार दुई सय सुन्तलाका बिरुवा लगााएका छन् । व्यवसायी अर्यालले प्रचलित बजार मूल्यमा स्थानीय किसानसँग सुन्तला खरिद गरेर बजारीकरण गर्दै आएका छन् । 'प्रचलित बजार मूल्य अनुसार किसानसँग खरिद गर्दै आएको छ', उनले भने, 'आँफूले उत्पादन गरेको सुन्तला र अन्य किसानबाट खरिद गरेको सुन्तला काठमाडौँ, पोखरा, नारायणगढ, काँकडभित्ता, भारतको सिलगुडीलगायत बजारसम्म पुग्ने गर्दछ ।' सुन्तलाको याममा अर्यालले सञ्चालन गर्दै आएको फार्ममा ४० देखि ६० जनाले प्रत्यक्ष रोजगारी पाउने गरेका छन् । सुन्तला टिप्ने, ग्रेडिङ गर्ने, ढुवानी गर्ने, बजारीकरण गर्नेलगायत काममा स्थानीयले रोजगारी पाएका उनले बताए । गत वर्ष कामदारलाई १७ लाख पारिश्रमिक भुक्तान गरेको उनले जानकारी दिए । यहाँ उत्पादित सुन्तलाको बजारीकरणका लागि फार्ममार्फत अर्यालले गत वर्षदेखि भाटभटेनी सुपर मार्केटसँग सम्झौता गरेका छन् ।

नेपालमा पहिलो पटक सुन्तलाको 'ग्रेडिङ्ग गर्न उपकरण जडान गरिएको उनको भनाइ छ । उक्त उपकरणबाट विभिन्न आठ आकारका सुन्तला ग्रेडिङ हुने बताउँदै ग्रेडिङका आधारमा सुन्तलाको मूल्य निर्धारण गरी बजार पठाउने उनले जानकारी दिए । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## मानव अधिकारको संरक्षण गरौं

जुनसुकै व्यक्तिलाई स्वतः प्राप्त हुने अधिकारलाई मानव अधिकार भनिन्छ । जसअन्तर्गत त्यस्ता अधिकारहरू पर्छन् जुन विश्वका सबै व्यक्ति, लिंग, जाति, भाषा, धर्म, रंग, राष्ट्रियता (नागरिकता), उत्पत्ति, सामाजिक एवं आर्थिक स्थिति, राष्ट्रिय सिमाना आदिको भेदभाव बिना निहित रहन्छ । प्रत्येक व्यक्तिलाई न्यूनतम मानवीय मर्यादासहित हुर्कन, बाँच्न र जीवनयापन गर्नका लागि मानव अधिकारहरूको आवश्यकता पर्छ । जसको अभावमा प्रत्येक व्यक्तिलाई मानवको रूपमा जिउन कठिन हुन्छ । यस्ता अधिकार धनी, गरिब, ठूला, साना, काला, गोरा, महिला, पुरुष, बालक, वृद्ध सबैलाई उत्तिकै आवश्यक हुन्छन् ।

मानव अधिकारलाई नैसर्ङ्गिक एवं मौलिक अधिकारका रूपमा विश्वभरि स्वीकार गरिनुका साथै मानवीय मूल्य र मान्यतालाई हरेक सभ्य समाजले स्वीकार गरेको छ । विश्वमा ठूलठूला क्रान्ति र घटनासहित परिवर्तन आएको दावा गरिए पनि मानव अधिकारका क्षेत्रमा भने खासै परिवर्तन आएको देखिदैन । यो अत्यन्तै दुःखको कुरा हो । आर्थिक विकास भयो भनियो तैपनि मानिसहरूमा कुपोषण व्याप्त छ, औषधोपचार नपाउँदा अकालमा मर्नु परेको छ । भोक, रोग मान्छेको नियती बनेको छ । भय र अभावमा उनीहरू बाँच्न विवश छन् । यस्ता समस्याबाट समाजलाई मुक्त गर्न तथा न्यूनीकरण गर्ने प्रयासले सार्थकता पाउन सकेको छैन । नेपालसहित विश्वभर हरेक वर्षको १० डिसेम्बरमा मानवअधिकारको रक्षाका लागि अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाउने गरिन्छ । आज पनि यो दिवस मनाउन लागिएको छ । सबैको जीवन सर्वाधिक महत्वपूर्ण हुन्छ । मानवजीवन यसै पनि महत्वपूर्ण छ । यस्तो जीवनलाई गरिमाका साथ व्यतित गराउन सकियो भने मात्र जीवन सार्थक ठहरिन्छ । तसर्थ, मानवजीवन उपभोग गर्दा गौरवको अनुभूति होस् भन्नका लागि केन्द्रमा मानव गरिमाको सम्मान स्थापित हुनै पर्छ । यसका लागि भय र अभावबाट मुक्ति हुन पाउनुपर्छ । यसरी मानवजीवन अभिशाप होइन, वरदान हो भन्ने अनुभूति गराउन सक्नुपर्छ । तर त्यसो हुन सकेको छैन । नेपालमा मानव अधिकार उल्लंघनका घटना बढ्दो छ । मानव अधिकार कार्यान्वयनको बलियो जग बसाल्न नसक्दा आमनागरिकले मानवअधिकारको प्रत्याभूत गर्न सकिरहेका छैन् । बरु कानुनी छिद्र खोजेर अपराधीहरूलाई संरक्षण दिने गरिएको छ । अपराधकर्म गरेका व्यक्तिहरूलाई यथाशीघ्र कानुनी दायरामा ल्याउनुपर्छ । दण्डहीनताको अन्त्य गर्न सकेमा मात्र मानव अधिकारको संरक्षण गर्न सकिन्छ । तसर्थ सरकार र सम्बन्धित निकायले मानवअधिकार संरक्षणका लागि तदारुकता देखाउन जरुरी छ ।

### Opinion @ Social Network

आमाले देखे हुन्थ्यो भनेर रोएको त्यो बालापन र कसैले देख्छ
कि भनेर लुक्दै रुने यो वर्तमान कत्ती फरक छ है ।

*(मोनिका सारुको फेसबुक स्टाटस https://www.facebook.com/Monika.Saru)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# तानसेनको भविष्य र नगर प्रज्ञा प्रतिष्ठानको भूमिका




प्राकृतिक सौन्दर्यताको श्रृखलायुक्त दृष्यले घेरिएको र संस्कृति र सम्पदाको खदीलो उपलब्धता भएको तानसेन अझै पनि मध्ययुगीन कालखण्डको शहर बजारको झल्को दिदै संघर्षशिल जीवन जिएको छ । सायद यही संघर्षको कथाले प्रभावित भएर हुन सक्छ युनेश्कोले सन् २००८ को जनवरी ३० मा विश्व सम्पदा सूचिको सम्भावित लिष्टमा समावेश गरेको छ ।

इतिहासलाई ८ औं देखी १८ औं शताब्दीसम्मको अवधिलाई मध्ययुगीन इतिहांस भनिन्छ र यही अवधिका सहर, संस्कृति, संरचना एवं इतिहास संम्वद्ध सम्पदाहरुलाई निकै महत्वका साथ लिने गरिएको छ । यसै अवधिमा व्यवस्थित बस्ती विकास, शहर र जीवनपद्धतीको विकास भएको मानिन्छ । यी अवधिका सामाजिक संरचना, आर्थिक क्रियाकलाप र पद्धती, राजनीतिक संयन्त्र र शासनपद्धती, सांस्कृतिक प्रचलन र पूर्वाधारहरु अहिलेको आधुनिक समाजका लागि निकै महत्वपूर्ण सम्पति बनेका छन् । तानसेन बजार पनि यही समयमा विकास भएको देखिन्छ । तानसेन ऐतिहासिक बजार हो । यो साँस्कृतिक र वास्तुकलाले धनी छ । यो त्यो समय देखिनै व्यापारको केन्द्र, संस्कृति र सिल्पकलाहरुले मध्ययुगकालिन शहरको रुपमा परिचित र स्थापित भएको देखिन्छ । पुरानो थलो, पुराना मन्दिरहरु, नेवारी वास्तुकलाले मध्यकालिन शहरको रुपको प्रतिनिधित्व गर्दछ । शहरको निर्माण र संरचना हेर्दा साना र सांघुरा गल्लीहरु, कलात्मक झ्याल ढोकाहरु, शहरको केन्द्रमा व्यापारिक बजार, पहाडी क्षेत्रको स्वरुप अनुरुपको बजार विकास, बिचमा प्रशासनिक केन्द्र र त्यसको केन्द्रमा दरबार र परिसर, र यसैको वरीपरी आवश्यक वस्तुहरुको व्यापार गर्ने थलो भएको बजार तानसेन हो । धर्म संस्कृतिका हिसावले बिचभागमा भगवती मन्दिर, नारायण मन्दिर, गणेश मन्दिर जस्ता मठमन्दिर रहेको स्वरुपलाई मध्ययुगिन शहर वा बजारको विशेषता मानिन्छ । आधुनिक युगमा पनि शहर बजारको विशेषताका रुपमा त्यही बास्तुकला र बास्तुशास्त्र अनुसारको शहरी विकास अवधारणा अवलम्वन गर्ने गरिन्छ । यसर्थ तानसेनले प्राप्त गरेका यी सम्पदा र बजारको यो स्वरुप र विशेषतालाई संरक्षण सम्वर्द्धन गर्ने खालको नीति र कार्यक्रम हुनुपर्दछ । नकी हाम्रा सोच र कदमहरु यसलाई असर गर्ने स्वरुप र पहिचान मेटिने नहोस् भन्नेतर्फ सचेत बन्न जरुरी छ ।

**मध्ययुगीन सहरका केही विशेषता र तानसेन :** माथि उल्लेख गरिएका मध्ययुगीन सहरका विशेषताहरुका सन्दर्भमा तानसेनको वजन कुन हदसम्मको रहेछ भन्नका लागि निम्न तरिकाबाट सहजरुपले बुझ्न सकिन्छ ।

१) हिजोका पुराना शहर बजारको विकास गर्दा सुरक्षा रणनीति अनुरुपका संरचना निर्माण हुनु -माटो र ढुंगाको पर्खाल हुनु, मुख्य प्रशासनिक केन्द्र प्रवेश ढोकाबाट प्रवेश हुनु, वा प्रवेश नियन्त्रणात्मक ढंगले निर्माण गरिनु, तानसेन दरवार र परिसर निर्माण यसै अनुरुप गरिएको छ ।

> *तानसेन जात्रैजात्राको बजार भन्ने उपमा पाएकाले पनि नगर भित्रका जात्रा, पर्व, र विशेष प्रकृतिका संस्कृतिको संग्रह, संकलन गरी तिनीहरुको लिपिवद्ध अभिलेखीकरण गर्ने र प्रकाशन गर्ने कार्य आवश्यक छ । जस्तै भगवती मन्दिरको पूजा विधि र रथयात्राको प्रक्रिया बेग्लै प्रकृति र पद्धतीमा गरिने हुन्छ यसको सार्वजनिक जानकारी हुन सक्यो भने मन्दिर दर्शन र रथयात्राका अवसरमा श्रद्धालुहरुको आकर्षण बढ्ने देखिन्छ । यसर्थ त्यस्ता प्रकृतिका संस्कृति सम्वद्ध दस्तावेज संकलन, गर्ने, ती सम्वद्ध गुठी जग्गा, अन्य गरगहनाका सम्पति र नगर सम्पतिको अभिलेखीकरण गर्ने कार्यमा सम्वद्धसँगको सहकार्यमा प्रतिष्ठानले भूमिका निर्वाह गर्न सक्छ ।*

२) वास्तुकला र वास्तु शास्त्रका हिसावले निर्माण हुनु, बजारको बिचमा केन्द्र र वरीपरी वस्ती र विचभागमा संरचना अनि बजारको व्यवस्था गरिनु ।

३) साना गल्ली र बाटोहरुको निर्माण गरिनु ।

४) सामाजिक र आर्थिक क्षेत्रहरु अलग-अलग व्यवस्था गरिनु, जोडिएका घर, एउटै प्रकृति र शैलीद्धारा निर्माण गरिएका हुन्छन् ।

५) सामुदायिक भावना र पहल प्रवर्द्धनात्मक सबै आवश्यकता आपूर्तिको व्यवस्था गर्ने गरी समूहगत सामाजिक संरचनाको व्यवस्थापन गरिनु ।

६) शहरमा धार्मिक र आध्यात्मिक संस्था र सार्वजनिक स्थलहरुको व्यवस्था गरिनु ।

७) व्यापार व्यवसायमा प्रवेश गराउनु । व्यापार र यसै सम्वद्ध विविध आवश्यकता पूर्तिका लागि बाहिर जिल्लाबाट भएपनि व्यापार वा आपूर्ति प्रणालीको व्यवस्थाको व्यवस्थापन गर्नु र हाटबजार र प्रदर्शनी व्यवस्थाको व्यवस्था मिलाउनु ।

८) सार्वजनिक स्थलको व्यवस्था गर्नु, संरचना निर्माणमा यस्ता पक्षमा गम्भीरदेखिनु ।

९) खानेपानी र सरसफाइको चुनौती सामना गर्ने गरी दीगो उपाय खोजी गर्नु, त्यस्ता प्रविधि अवलम्वन गर्नु ।

१०) जनघनत्व र बसोवास संयुक्त परिवारमा रहनु । यसबाट विशेष प्रकारको व्यवस्थापन पद्धतीको अवलम्वन गर्नु ।

११) आवश्यक कलेज, विद्यालय पुस्तकालय र धार्मिक मठमन्दिरहरु नजिकै र जोडिएका हिसावले व्यवस्था मिलाउनु ।

१२) सैनिक उपस्थिति र शहरी बासिन्दाको सम्बन्ध सुमधुर बन्ने रणनीति अवलम्वन गर्नु ।

उल्लेखित विशेषताहरुलाई केन्द्रमा राखेर हेर्ने हो भने तानसेन बजारको विशेषता प्राचिन वा मध्ययुगिन संस्कृति, कला, सम्वद्ध सांस्कृतिक सम्पदा र संरचना भएको र यही विशेषताले तानसेनलाई विश्व सम्पदासूचिमा सूचिकृत गर्न सकिने बलिया आधारहरु भएका कारण अब तानसेनले यसबारेमा गाम्भीयता प्रदर्शन गर्नु पर्दछ । तानसेनको गाम्भीर्यतामा भर पर्दछ तानसेनमा पर्यटन विकास ।

यस कार्यमा झनै ठूलो मद्धतगारको रुपमा रहन सक्छ तानसेन नगरपालिकाले हालै गठन गरेको तानसेन नगर प्रज्ञा प्रतिष्ठान । तानसेन बजारको ऐतिहासिकताको मर्मलाई कमजोर हुन नदिन र यहाँको साँस्कृतिक मूल्य र मान्यतालाई संरक्षण गर्दै विश्वसम्पदा सूचिमा सूचिकृत हुने आधारहरु तयार गर्न आवश्यक सबै खाले पहल गर्नुपर्ने दायित्व पनि यस प्रतिष्ठानको रहने देखिन्छ । यसर्थ आफ्ना गतिविधि र क्रियाकलाप पनि यस पक्षलाई मध्यनजर राख्दै तय गर्नुपर्दछ ।

हुन त प्रतिष्ठान गठनको उद्देश्य र जिम्मेवारीमा भाषा, संस्कृति,कला, साहित्यको विकास र प्रवर्द्धन केन्द्रित भएपनि समग्रतामा तानसेनको संरचना, स्वरुप, पद्धतीले यी विषयको प्रतिनिधित्व गर्दछन् । यहाँ गरिने अधिकांश गतिविधिहरु अहिले पनि तानसेनको गौरवमय इतिहास लक्षित नै भएका देखिन्छन् । प्रतिष्ठानद्धारा गरिने हरेक क्रियाकलापका लागि सांस्कृतिक थलोको आवश्यकता पर्ने हुनाले श्रीनगरमा रहेको साँस्कृतिक डवली यो प्रतिष्ठान मातहत राख्ने व्यवस्था मिलाउन जरुरी देखिन्छ । तानसेन नगरको भौगालिक विस्तारसँगै अहिले नगर भित्र विभिन्न र जातजाती सम्वद्ध संस्कार संकृति, सांस्कृतिक मूल्य, मान्यताको समेत समायोजित रुप प्राप्त भएकाले पनि यसको व्यवस्थित अभिलेखीकरण र संरक्षण केन्द्रित प्रवर्द्धन गर्ने कार्यका लागि पनि यो जरुरी देखिन्छ ।

साथै प्रतिष्ठानद्धारा तानसेन दरवारमा रहेको पाल्पा संग्रहालयमा नगर भित्रका विशेष मूल्य र मान्यता बोकेका साहित्य, कला, संस्कार र संस्कतिहरुको बेग्लै कक्ष स्थापनाको सम्भाव्यता अध्ययन पनि आवश्यक देखिन्छ । दरबार संग्रहालयमा सोही पक्षलाई मद्दत वा सहयोग पुऱ्याउने व्यवस्थापकिय पक्षमा समेत मद्धत गर्ने रणनीति बनाउन सकिन्छ । साथै निजिस्तरबाट गरिएका संग्रहसहितको संरक्षणात्मक क्रियाकलापको व्यवस्थापनमा समेत प्रतिष्ठानले आफ्नो नजर पुऱ्याउनु जरुरी छ । किनकी निजी क्षेत्रसंगको सहकार्य वेगर संरक्षण, सम्वर्द्धन र विकासका कार्यमा स्थानीय सरकारलाई अगाडी बढ्न सहज हुँदैन ।

तानसेन जात्रैजात्राको बजार भन्ने उपमा पाएकाले पनि नगर भित्रका जात्रा, पर्व, र विशेष प्रकृतिका संस्कृतिको संग्रह, संकलन गरी तिनीहरुको लिपिवद्ध अभिलेखीकरण गर्ने र प्रकाशन गर्ने कार्य आवश्यक छ । जस्तै भगवती मन्दिरको पूजा विधि र रथयात्राको प्रक्रिया बेग्लै प्रकृति र पद्धतीमा गरिने हुन्छ यसको सार्वजनिक जानकारी हुन सक्यो भने मन्दिर दर्शन र रथयात्राका अवसरमा श्रद्धालुहरुको आकर्षण बढ्ने देखिन्छ । यसर्थ त्यस्ता प्रकृतिका संस्कृति सम्वद्ध दस्तावेज संकलन, गर्ने, ती सम्वद्ध गुठी जग्गा, अन्य गरगहनाका सम्पति र नगर सम्पतिको अभिलेखीकरण गर्ने कार्यमा सम्वद्धसँगको सहकार्यमा प्रतिष्ठानले भूमिका निर्वाह गर्न सक्छ । प्रतिष्ठानद्धारा कला,साहित्य संस्कृति, इतिहास सम्वद्ध क्षेत्रमा अध्ययन अनुसन्धान, सम्वर्द्धन, प्रवर्द्धनमा क्रियाशिल संघ संस्था, समूह, व्यक्तित्व लगायतको अभिलेखीकरण गर्ने र योगदानको पहिचान गर्ने र विशेष क्षेत्रमा विशेष प्रकृतिको भूमिका एवं योगदान गरेका कदमहरुलाई सम्मान जरुरी देखिन्छ ।

पाल्पाको अधिकाशं सम्पदाहरुको गहिरो सम्वन्ध विशिष्ट संस्कृति र संस्कारसँग रहेको हुनाले अध्ययन गरी अभिलेखीकरण गर्न जरुरी देखिन्छ । पाल्पा र विशेषगरी तानसेन नगर आफैमा प्रकृति संस्कृति र सम्पदाको धनी नगर हो । यसर्थ त्यस्ता सम्पतिको पहिचान, उचित र उपयुक्त व्यवस्थापनबाट तानसेनको समृद्धिमा योगदान पुग्ने हुनाले यस पक्षलाई बलपुऱ्याउने अध्ययन, क्रियाकलाप, अवधारणा, योजनालाई बलपुग्ने गतिविधि सञ्चालन गर्ने रणनीति तय गर्न आवश्यक देखिन्छ । प्रतिष्ठानले आफ्ना कार्यक्रम र कार्ययोजना निर्माण गर्दा दीर्घकालीन विकासका लागि केही आधारहरु तय गर्ने कार्यमा योगदान दिन सक्ने गरी निर्माण गर्न जरुरी देखिन्छ । ***(लेखक पाल्पा सरोकार समाजका अध्यक्ष समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयूकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मित्रबाट विशेष सहयोग मिल्ला । परिवारका सदस्यहरूसँग भेटघाट हुनेछ । | **तुला**: महत्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । प्रेममा धोका हुन सक्छ । |
| **वृष** : परिवारमा मेलमिलाप हुनेछ । समयले राम्रो साथ दिनेछ । | **वृश्चिक** : मनमा उत्साह छाउनेछ । धार्मिक यात्राको योग छ । |
| **मिथुन** : कार्य सम्पादनमा समस्या आउला। पैसा खर्च हुने योग छ । | **धनु** : मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ । व्यवसायबाट लाभ हुनेछ । |
| **कर्कट** : अधुरा काम गर्दा फाइदा हुन सक्नेछ । यात्रामा सामान हराउन सक्छ। | **मकर** : सामाजिक सेवा गर्ने अवसरले मानप्रतिष्ठा बढाउनेछ । |
| **सिंह** : मनमा हर्ष, उमङ्ग र उत्साह र हला । रमाइलो यात्राको योग रहेको छ । | **कुम्भ** : भोजभतेरमा सामेल हुँदा स्वास्थ्यको ख्याल गर्नुहोला । यात्राको अवसर छ । |
| **कन्या** : प्रतिस्पर्धामा उत्तीर्ण हुन सकिनेछ। परिवारका सदस्यहरूबाट सहयोग पाइनेछ। | **मीन** : पारिवारिक भेटघाटमा रमाइन्छ। धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन् । |

## विज्ञान/सूचना प्रविधि

# सोसल मिडियाको लत छ ? यसरी छुटाउनुहोस्



गत साता अष्ट्रेलियाको संसदले एउटा कानून पारित गर्यो जसले १६वर्षमुनिका बालबालिकालाई सोसल मिडियाको प्रयोग गर्नमा बन्देज लगाएको छ । अष्ट्रेलियाको यस्तो कदमका विषयमा विश्वव्यापी रुपमै बहस उत्पन्न भएको छ । यस्तो कानूनका कारण अष्ट्रेलियामा किशोर किशोरीहरु डार्क वेब अर्थात् इन्टरनेटको अवैध संसारमा जाने वा सामाजिक रुपमा अलगावको सिकार बन्नसक्ने चेतावनी विज्ञहरुले दिएका छन् । सोसल मिडियाका बहुआयामिक असरहरुमा जोड दिँदै यदि त्यसलार्य नियन्त्रण नगरेमा गम्भीर लत तथा निर्भरताको सिर्जना गर्ने भन्दै नयाँ कानून तर्जुमा गरिएको हो । फेसबुक, इन्स्टाग्राम, स्नापच्याट, रेडिट तथा एक्सजस्ता सोसल मिडिया प्लाटफर्मको अत्यधिक प्रयोगले मानिसहरुको उत्पादनशीलतामा गिरावट आउने मात्र नभई मानसिक स्वास्थ्य तथा जीवनका सम्बन्धहरुमा समेत नकारात्मक असर पर्ने गरेको छ । त्यसैले आफ्नो डिजिटल जीवनमा कसरी नियन्त्रण राख्ने र सोसल मिडियाको लतबाट कसरी मुक्त हुने भन्ने कुरा अहिलेको प्रमुख सवाल बनेको छ ।

**सामाजिक सञ्जालको विषमुक्ति अर्थात् सोसल मिडिया डिटक्स किन महत्वपूर्ण छ ?**

यदि सामाजिक सञ्जालको प्रयोग बुद्धिमत्तापूर्ण ढंगले गरिएन भने यसले हाम्रो मानसिक स्वास्थ्य तथा उत्पादनशीलतामा गम्भीर असर पूराउँछ । धेरै मानिसहरुले अन्जानवश समेत विभिन्न खालका अस्वस्थ आनीबानीहरु, जस्तै जतिबेला सुकै फोनमा नोटिफिकेसन हेर्ने, सोसल मिडिया फिडमा स्क्रोल गरिरहने र आफ्नो जीवनलाई अरुसँग तुलना गर्ने जस्ता अस्वस्थ आनीबानीको विकास गरेका हुन्छन् । यस्तो निर्भरताले मानिसको वास्तविक जीवनको अन्तरक्रियामा गिरावट ल्याउने मात्र होइन मानिसमा एन्जाइटी, एक्लोपनाको अनुभूति हुने र कतै हराउँछु कि भन्ने डर पैदा हुने मानसिक समस्या पनि सिर्जना गर्न सक्दछ । सामाजिक सञ्जालबाट विषमुक्ति अर्थात् सामाजिक सञ्जालको लतबाट मुक्तिले मानिसालई ती प्लाटफर्मसँग आृनो सम्बन्धका बारेमा पुनर्विचार गर्न र त्यसका नकारात्मक असरलाई घटाउन सहयोग पुर्‍याउँछ ।

**जीवनमा सामाजिक सञ्जालको पकड कम गर्ने रणनीति**

**पहिलो चरण :** आफ्नो सामाजिक सञ्जाल प्रयोगको प्रवृत्तिको निगरानी गर्नुहोस् : फोनबाट सबै सोसल मिडिया एप हटाउनु अघिको पहिलो कदम भनेको आफ्नो विगतको सोसल मिडिया प्रयोगको सिंहावलोकन गर्नु हो । एप्पल र गुगल दुबैले प्रयोगकर्तालाई उनीहरुले कुन एपमा कति समय बिताउँछन् भन्ने कुरा थाहा पाउने टूल्स उपलब्ध गराएका हुन्छन् ।

**एप्पलको स्क्रिन टाइम :** आइफोनमा यो फिचरले एप प्रयोगको विस्तृत विवरण उपलब्ध गराउँछ जसमा प्रयोगकर्ताले निश्चित एपमा बिताएको कूल समय, सबैभन्दा धेरै चलाउने एपको जानकारीका साथै तपाइँले आफ्नो फोन कति छिटो छिटो खोल्नुहुन्छ भन्ने जानकारी यसले दिन्छ । साथै यसमा तपाइँले कुनैपनि एप दिनमा अधिकतम कति समयसम्म चलाउने भन्ने दैनिक समयसीमा पनि तय गर्न सक्नुहुनछ । यसरी समय सीमा सेट गर्दा तपाइँले हरेक दिन सोसल मिडियामा बिताउने समय काबुमा राख्न सक्नुहुन्छ ।

> *आफ्नो सामाजिक सञ्जाल प्रयोगको प्रवृत्तिको निगरानी गर्नुहोस् : फोनबाट सबै सोसल मिडिया एप हटाउनु अघिको पहिलो कदम भनेको आफ्नो विगतको सोसल मिडिया प्रयोगको सिंहावलोकन गर्नु हो । एप्पल र गुगल दुबैले प्रयोगकर्तालाई उनीहरुले कुन एपमा कति समय बिताउँछन् भन्ने कुरा थाहा पाउने टूल्स उपलब्ध गराएका हुन्छन् । सबैभन्दा धेरै चलाउने एपको जानकारीका साथै तपाइँले आफ्नो फोन कति छिटो छिटो खोल्नुहुन्छ भन्ने जानकारी यसले दिन्छ ।*

**गुगलको digital wellbeing :** एन्ड्रोइड प्रयोगकर्ताका लागि गुगलले यस्तो टूल उपलबध गराएको हुन्छ जसले स्क्रिन टाइम र एप प्रयोगको ट्र्याकिंग गर्दछ । यो ग्राफले तपाईंको दैनिक गतिविधिको दृश्यात्मक प्रस्तुति दिन्छ जसले तपाईंलाई आफ्नो बानी व्यहोरा बुझ्न र सुधार गर्ने क्षेत्र पहिचान गर्न सघाउँछ ।

**दोस्रो चरण :** विषमुक्ति एप अर्थात् डिटक्स एपहरुको प्रयोग गर्नुहोस्

तपाइँलाई सामाजिक सञ्जालको लतबाट मुक्ति दिलाउन वा सोसल मिडियाको प्रयोग घटाएर असल डिजिटल बानीका लागि उत्प्रेरित गर्नका लागि विभिन्न एपहरु उपलब्ध छन् । त्यसमध्येका केही यस्ता छन् : Dumb phone यो एपले फोनको होमस्क्रिनबाट अनावश्यक वा कम आवश्यक एपहरु हटाउँछ, जसका कारण फोन प्रयोगकर्तालाई जथाभावी स्क्रोल गर्न निरुत्साहित गर्दछ । साथै बारम्बार फोन उठाउने हुटहुटीलाई पनि कम गर्दछ । सोसल मिडिया तथा फोनको प्रयोगलाई घटाउने यो पहिलो शालिन तरिका हो । Opal यो एपले प्रयोगकर्ताको ध्यान भंग गर्ने खालका एपलाई ब्लक गरेर सामाजिक सञ्जालको लतलाई घटाउन सहयोग गर्दछ । यसले स्क्रिन टाइम ट्र्याक गरेर तपाईंले कति समय फोनको स्क्रिनमा बिताउनुभयो भन्ने जानकारी पनि दिन्छ । साथै यसले लामो समय फोन प्रयोग गर्दाका नकारात्मक प्रभावको लेखाजोखा पनि गर्दछ । यो एपले तपाईंलाई आफ्नो प्रगतिका बारेमा साथीसँग अनुभूति शेयर गर्ने मौका पनि दिन्छ । 'यचभकत रमाइलो तथा अन्तरक्रियात्मक एपको रुपमा रहेको यो एपले प्रयोगकर्तालाई फोनबाट टाढा रहन प्रेरित गर्दछ । तपाईंले केहीबेर फोन चलाउन छाड्नुभयो भने भर्चुअल रुख बढ्न थाल्छ । तर फोन प्रयोग गर्नुभयो भने रुख मर्दछ । धेरै भन्दा धेरै भर्चुअल रुख जम्मा गर्न सक्दा त्यसले भर्चुअल सिक्का प्राप्त हुन्छ ।

**तेस्रो चरण :** वास्तविक डिटक्स फोन चलाउनुहोस् सोसल मिडियाबाट सख्त रुपमा ब्रेक चाहनुहुन्छ भने dumb phone अर्थात् लाटो मोबाइल फोनको प्रयोग गर्नूहोस् । यसका लागि Nokia 2660 Flip जस्ता फोन उत्तम विकल्प हुनसक्छ, जुन स्मार्टफोन भैकन पनि अन्य आधुनिक स्मार्टफोन जस्तो ध्यान भंग गर्ने खालको हुँदैन । रेट्रो डिजाइन तथा सरल कार्यक्षमताले गर्दा यो फोन ती मानिसहरुको लागि आकर्षक विकल्प बन्न सक्छ जो वास्तवमै डिजिटल डिटक्सको खोजीमा हुन्छन् ।

**चौथो चरण :** प्रष्ट लक्ष्य तय गर्नुहोस् यदि तपाईंले सामाजिक सञ्जालबाट आफुलाई पूर्णरुपमा अलग गर्न सम्भव छैन वा तत्काल चाहनुहुन्न भने पनि यसको प्रयोग कम गर्नका लागि क्रमिक रुपमा लक्ष्यहरु निर्धारण गर्नुहोस् । आफ्नो समयसीमाको बारेमा व्यवहारिक हुनुहोस् । हेक्का राख्नुहोस् कि सोसल मिडियाको लत तोड्नका लागि समय लाग्दछ । त्यसैले विशेष लक्ष्यहरु परिभाषित गर्नुहोस्, जस्तै, हरेक हप्ता स्क्रिन समयलाई २० प्रतिशतले कम गर्ने र प्रगतिको अनुगमन गर्नका लागि उल्लेखित टूलहरुको प्रयोग गर्ने ।

**विषमुक्तिलाई बुद्दिमत्तासँग जोड्नुहोस् :** तपाईंको सोसल मिडियाको लतलाई छुटाउनका लागि एप मात्रै सफल र पर्याप्त हुँदैनन् यदि तपाईंले त्यसलाई आफ्नो दैनिक जीवनको सचेत दृष्टिकोणसँग संयोजन गर्नुभएन भने ।

सामाजिक सञ्जालमा बिताउने समयलाई पठन, व्यायाम, खाना पकाउने वा प्रियजनहरुसँग समय बिताउने जस्ता क्रियाकलापले प्रतिस्थापन गर्नुहोस् । यस्ता कार्यहरुले तपाईंलाई भौतिक संसारसँग पुन: जोडिन र समग्र रुपमा मानसिक स्वास्थ्यमा सुधार ल्याउन मद्दत गर्दछ । यी रणनीतिहरुलाई आत्मसात गरेर तपाईंले सामाजिक सञ्जालको प्रभावलाई कम गर्न र डिजिटल संसारसँग स्वस्थ र अर्थपूर्ण सम्बन्ध निर्माण गर्न सक्नुहुन्छ ।

*-अनलाइन खबर डटकम*

# सामसङ वान युआई ७ बेटा घोषणा




शक्तिशाली एआई सुविधाहरू, सरलीकृत नियन्त्रणहरू र भविष्यका स्केलेबल एआई इकोसिस्टमहरूको पूर्वावलोकन रहेको वान युआई ७ बेटा प्रोग्राम सार्वजनिक भएको घोषणा सामसङ नेपालले गरेको छ । इन्टरफेसको प्रत्येक टच पोइन्टमा प्रमुख एआई एजेन्टहरू र मल्टिमोडल क्षमताहरू एकीकृत गरी, हरेक अन्तरक्रियालाई न्याचुरल र सहज महसुस हुने एआई प्लेटफर्मको सिर्जना गरेर वान युआई ७ ले ठुलो छलांग लिएको कम्पनीको भनाई छ । पहिले भन्दा बढि व्यक्तिगतताको लागि अपग्रेड गरिएको मोबाइल यूजर एक्सपिरिएन्सको पहिलो झलक बेटा प्रोग्रामले प्रदान गरेको छ । एडभन्सड लेखन सहायक टुलहरू (राइटिंग असिस्ट टुल) जस्ता ग्यालेक्सी एआई फिचरहरूमा वान युआई ७ ले बलियो अपडेटहरू ल्याएको छ ।

एआई ओएससँग एकीकृत भएर अप्लिकेसनहरु बिच स्विच गर्न आवश्यक बिना नै टेक्स्टहरू चयन गर्ने क्षमता दिएको छ । यो क्षमताले कन्टेन्ट संक्षेप गर्न, हिज्जे र व्याकरण जाँच गर्न, र स्वचालित रूपमा बुलेट पोइन्टहरूमा नोटहरू ढाँचा गर्न एआई-सञ्चालित विकल्पहरू प्रदान गर्दै ।वान युआई ७ को साथ अपग्रेड गरिएका कल सुविधाहरूले २०ओटा भाषाहरूमा कल ट्रान्सक्रिप्टहरू उपलब्ध छ । कल रेकर्डिङ इनएबल गर्दा रेकर्ड गरिएका कलहरू स्वचालित रूपमा पछि सन्दर्भको लागि ट्रान्सक्राइब हुनेछ । योसँगै वान युआई ७ का शक्तिशाली एआई फिचरहरू नयाँ लुकको साथ आएको छ । यसमा इन्टरप्रेटर, रेकर्डिङ, स्टपवाच जस्ता विभिन्न सुविधाहरू प्रदान गर्ने नाउ बार पनि समावेश छ । सिम्प्लिफाई गरिएको होम स्क्रिन, पुन: डिजाइन गरिएको वान युआई विजेटहरू र लक स्क्रिन गरी फिचरहरू प्रयोगकर्ताहरूलाई प्रत्येक विवरणमा ग्रेन्युलर कन्ट्रोल प्रदान गर्न र अनुकूलनलाई सहज र निर्बाध बनाउनको लागि एक जुट भई काम गर्छन् ।

पुन: डिजाइन गरिएको क्यामेरा युएक्सले एडभान्सड सेटिङहरूमा थप सहज कन्ट्रोल दिन्छ । प्रो र प्रो भिडियो मोडहरूका म्यानुअल सेटिङको लेआउट पनि सरलीकृत गरिएको छ । प्रयोगकर्ताहरूको लागि प्रो भिडियो मोडमा रेकर्डिङ गर्दा नयाँ जुम कन्ट्रोल उपलब्ध छ । वान युआई ७को आधिकारिक रूपमा रिलिज आगामी ग्यालेक्सी एस सिरिज डिभाइसहरूसँग हुनेछ, र २०२५ को पहिलो त्रैमासिकदेखि सुरु हुने गरी इनहान्सड अन-डिभाइस एआई फंक्सन गरी थप एआई क्षमताहरू समावेश हुनेछ । आफ्नो ओएस अपग्रेडको नीति विस्तार गर्ने सामसङको प्रतिबद्धता अनुरूप, यी अप्डेटहरु बिस्तारै अन्य ग्यालेक्सी उपकरणहरूमा पनि आउने छन् ।

*-रातोपाटी डटकम*


## नव प्रभात युवा संघ
## छत्रकोट गाउँपालिका– ३ लुम्छा, गुल्मी

# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित भएको मिति २०८१/०८/२५**

सिलबन्दी दरभाउपत्रको सुचना नं. SQ/RAP/NPYS/GOODS/2081/082/01

रुरुक्षेत्र गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको साझेदारी तथा नव प्रभात युवा संघ (NPYS) लुम्छा, गुल्मीको सहजीकरणमा सञ्चालित रुरु कृषि परियोजना अन्तर्गत उच्च प्रजनन् योग्य विऊ बाख्रा तथा बोकाहरु खरिद गर्नुपर्ने भएकोले ईच्छुक योग्य व्यक्ति, फर्म, संस्था वा आपूर्तिकताहरुबाट रितपुर्वक सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

**सिलबन्दी दरभाउपत्र सम्बन्धी विवरण**

| क्र. सं. | वस्तु / सामग्री को विवरण | परिमाण | दरभाउपत्र जमानत रकम रु. | दरभाउपत्र फारम दस्तुर | दरभाउपत्र मान्य हुने अवधि | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १. | उच्च प्रजनन् योग्य स्वस्थ विउ बाख्रा तथा बोका | १५२ | ३७,०००।०० | १,०००।०० | सिलबन्दी दरभाउपत्रको मान्य अवधि ४५ दिनहुनेछ । | २०८१/०९/०९ गते कार्यालय समय साँझ ४:०० बजे भित्र । | २०८१/०९/१० गते मध्यान्ह १२:०० बजे सम्म । | २०८१/०९/१० गते अपरान्ह २:३० बजे । |

१. दरभाउपत्र पेश गर्न ईच्छुक व्यक्ति, फर्म, संस्था वा आपूर्तिकताहरुले यो सुचना प्रकाशन भएको मितिले १५ दिन अर्थात् २०८१/०९/०९ गते कार्यालय समय (साँझ ४:०० बजे) भित्र रु. १,००० दस्तुर (फिर्ता नहुने) तथा फर्म दर्ता प्रमाणपत्र र अन्य आवश्यक कागजातसहित लिखित निवेदन रुरु कृषि परियोजनाको कार्यालय, रुरुक्षेत्र गाउँपालिका वडा नं. ४, घिउवेसी, गुल्मीमा पेश गरी सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ ।

२. सिलबन्दी दरभाउपत्र सुचना प्रकाशन भएको मितिले १६ औं दिन अर्थात २०८१/०९/१० गते मध्यान्ह १२:०० बजे भित्र रुरु कृषि परियोजानको कार्यालय, रुरुक्षेत्र गाउँपालिका वडा नं. ४, घिउवेसी, गुल्मीमा पेश गर्नुपर्नेछ । उल्लेखित समय भन्दा ढिलो गरी प्राप्त भएका दरभाउपत्र अस्वीकृत गरिनेछ ।

३. प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु २०८१/०९/१० गते दिनको २:३० बजे उपस्थित हुन चाहने आपुर्तिकर्ताका प्रतिनिधिहरुको रोहबरमा रुरु कृषि परियोजानको कार्यालय, रुरुक्षेत्र गाउँपालिका वडा नं. ४, घिउवेसी, गुल्मीमा खोलिनेछ ।

४. दरभाउपत्रको मान्यअवधि दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तीमा ४५ दिन हुनुपर्नेछ ।

५. दरभाउपत्रको साथमा माथिको तालिकामा उल्लेख भए अनुसारको जमानत अनिवार्य रुपमा पेश गर्नु पर्ने छ र बोलपत्र जमानत मान्य अवधी दरभाउपत्र खोलेको मितिले कम्तिमा ७५ दिनको हुनुपर्नेछ । दरभाउपत्रदाताले जमानत वापत नगदै राख्न चाहेमा बोलपत्रको साथमा कम्तिमा रु ३७,००० को प्रभु बैक लिमिटेड, रानीवास शाखा कार्यालय रानीवास, गुल्मीमा रहेको NAWA PRABHAT YUWA SANGH/RURU AGRICULTURE PR खाता नं १२७०१५५३४२९०००२५ मा त्यस्तो रकम जम्मा गर्न सकिनेछ र बैंक जम्मा भौचर सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

६. सिलबन्दी दरभाउपत्र खरिद गर्ने, पेश गर्ने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ । यस्तो अवस्थामा दरभाउपत्र तथा दरभाउपत्र जमानतको मान्यअवधि साविककै मितिदेखि गणना गरिनेछ ।

७. यस संस्थाले कुनै पनि सिलवन्दी दरभाउपत्रदाताको बोलपत्र स्विकार गर्न वा अस्विकार गर्न र बोलपत्र प्रक्रिया रद्ध गर्न सक्नेछ ।

८. सिलबन्दी दरभाउपत्र पेश गर्न ईच्छुक योग्य आपूर्तिकर्ताहरुले थप जानकारीको लागि रुरु कृषि परियोजानको कार्यालय, रुरुक्षेत्र गाउँपालिका वडा नं. ४, घिउवेसी, गुल्मीमा वा संस्थाको फोन नं ९८५७०६४०४६ वा ईमेल ठेगाना npysgulmi051@gmail.com मा सम्पर्क गर्न सक्नुहुनेछ ।

# आज अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाईँदै




**पाल्पा,** मंसिर २४/आज अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाइँदै छ । हरेक वर्ष १० डिसेम्बरको दिन नेपालसहित विश्वभर विश्वभर मानव अधिकार दिवस मनाउने गरिन्छ ।

मानवीय मूल्य, मान्यता, मानव सभ्यता तथा मानव अधिकार संरक्षणप्रतिको प्रतिवद्धता लोकतान्त्रिक व्यवस्था, दिगो शान्ति र विकासको आधारस्तम्भ रहेको तथ्यलाई स्वीकार गर्दै संयुक्त राष्ट्र संघको महासभाले १० डिसेम्बर, १९४८ का दिन मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गरेको थियो । मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गरिएको यसै दिनको सम्झना स्वरूप प्रत्येक वर्ष आजको दिनलाई विश्व समुदायले महत्वपूर्ण दिवसको रूपमा मनाउँदै आएको छ । नेपालमा पनि आज विविध कार्यक्रम गरी मनाइँदैछ । लम्बिदो संक्रमणकाल र राजनीतिक अस्थिरताको कारण नेपालमा मानव अधिकारको अवस्था कमजोर हुँदै गएको छ । विधिको शासनको अभावले गर्दा लामो समयअघिका पीडितले समेत न्याय पाउन सकेका छैनन् । विगत दशवर्षे सशस्त्र युद्धको समयमा ठूलो संख्यामा हत्या, हिंसा तथा अपहरण जस्ता मानव अधिकार हनन्का घटनाहरु भएका थिए । द्वन्द्वको कालखण्डमा सन् २००३ र २००४ नेपाल विश्वमै सर्वाधिक नागरिक बेपत्ता पारिने मुलुक नै बन्न पुगेको थियो । नेपालको संविधानले मानवअधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र प्रभावकारी कार्यान्वयनको सुनिश्चितालाई जोड दिएको छ । वास्तवमा मानव अधिकार दिवसलाई एउटा उत्सवको रूपमा मात्र हेरिदैन । यो दिवस भनेको हामीले मानव अधिकारप्रति जाहेर गरेका प्रतिवद्धतालाई कति जवाफदेही रूपमा सम्बोधन गर्न सक्यौं यसको समीक्षा गर्ने दिन पनि हो । मानव अधिकारको संरक्षण, संवर्द्धन र सम्मानको मूल आधार भनेको दण्डहीनताको अन्त्यप्रति राज्य जवाफदेही हुनु हो । त्यसैले यस अवसरमा मानव अधिकारको सम्मानका लागि राज्य दण्डहीनताको अन्त्य तथा न्याय सुनिश्चितताका लागि कति जवाफदेही भयो, यसको लेखाजोखा गरी आम नागरिकलाई मानव अधिकारको प्रत्याभूत दिलाउन आवश्यक छ । यो गर्न सकियो भने मात्र मानव अधिकार दिवस मनाउनुले सार्थकता प्राप्त गर्न सक्छ ।

# सहाराविहीनहरुले...

...संस्थाका अध्यक्ष पुननारायण श्रेष्ठले राज्य तथा सरकारले गर्ने काम आफुहरुले गरिरहँदा समेत सरकारी पक्षबाट आवश्यक सहयोग र सहकार्य नभएकाले काम गर्ने जोश र जागर हराउँदै गएको बताए ।

हामीले २२ बर्षदेखी निरन्तर चन्दा उठाएर, विभिन्न पक्षसँग सहयोग मागेर काम गरेका छौं तर राज्य पक्षबाट सहयोग नहुँदा अभियानमा लागेका साथीहरुको जोश जागर हराउँदै गएको अध्यक्ष श्रेष्ठले बताए । संस्थाले ११ औ साधारणसभा गरी बर्षभरी गरेका काम गतिविधी जानकारी गराएको छ ।

सिलोम बालगृह र नवजीवन पुनरस्थापना केन्द्रमा गरी बार्षिक ८० लाख रुपैयाँ खर्च रहेकोमा नेपाल सरकारबाट कुनै नगद सहयोग रकम नपाएको गुनासो अध्यक्ष श्रेष्ठले गरे । साधारणसभामा जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनालले संस्थाले निकै राम्रो काम गर्दै आएकाले जिल्लाका १० वटै पालिका तथा सरकारी तथा गैर सरकारी संघ संस्थासँग समन्वय गरी सहयोगको अनुरोध गर्ने बताए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले नेपाल सरकारले गर्ने काम संस्थाबाट हुँदै आएकाले जिल्ला प्रशासनबाट हुने सहयोग पूर्णरुपमा हुने प्रतिवद्धता जनाए । तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले नगद अनुदान दिने व्यवस्था नरहेकाले संस्थालाई आवश्यक पर्ने, सरसमान, भौतिक पुर्वाधार, आयआर्जनमुखी कार्यक्रमहरु सहयोग गर्न आफु सधै तयार रहेको बताए । तानसेन नगरपालिका -१ वडा अध्यक्ष सुनिल कुमार बस्याल, वडा नं ६ का वडाअध्यक्ष सागरमान महर्जनले बेसहारा बालबालिका र मानसिक सन्तुलन गुमाएका व्यक्तिहरुलाई समाजमा पुर्नस्थापना गरेकाले अभियान नेपाललाई आइपर्ने जटिलतामा सहयोग गर्दै आएको बताए ।

कार्यक्रममा पाल्पा इसाइ समाजका जिल्ला अध्यक्ष दुर्गा पाहारीले पुन्य कार्यको लागि सबैपक्षबाट सहयोगको अपेक्ष संस्थाले गरेको बताए । स्थानीय समाजसेवी रामकृष्ण कार्कीले सबै पक्षको सहभागिता र अपनत्वमा संस्थालाई दिगो बनाउन सकिनेमा जोड दिए । कार्यक्रममा सहभागी तानसेन नर्सिङ्ग तेस्रो बर्षमा अध्यनरत प्रेरणा भण्डारीले बालगृह नै नभएको भए मेरो जीवन के हुन्थ्यो खै ? तर आज मलाई जीवनमा सबैभन्दा ठूलो खुसी मिलेको बताईन् । ५ बर्ष अघि मेरो बुवाको मृत्यु भयो, आमाको शारिरक अवस्था कमजोर थियो, आर्थिक अवस्था दयनिय थियो, बालगृहको संरक्षणको कारण आज कक्षा १० मा पढिरहेको सलिना मल्लले बताईन् । साधारणसभासँगै संस्थाको सामाजिक परीक्षण कार्य गरिएको छ । पाल्पा विकास केन्द्रका संयोजक किरण कौशलले संस्थाको भौतिक अवस्था भन्दा दैनिक खर्चको व्यवस्थापन गर्न समस्या भएकाले अभियान नेपालको यो पुन्यकार्यमा सबैको साथ सहयोगको आवश्यकता रहेको बताए । बालगृह र पुर्नस्थापना केन्द्रमा रहेका व्यक्तिहरुको मिसन अस्पतालबाट मासिक रुपमा मेडिकल चेकजाँच हुँदै आएको छ । लावारिस अवस्थामा मानसिक सन्तुलन गुमाईसकेका व्यक्तिहरुलाई पुर्नस्थापना केन्द्रमा लामो समयको उपचार तथा परामर्शपछी अधिकाश व्यक्तिहरुको घरवार तथा परिवार, आफन्तहरु पत्ता लागेपनि परिवारले स्विकार नगर्दा कठिनाई भएको अध्यक्ष श्रेष्ठले बताए ।

पुर्नस्थापना केन्द्रबाट हाल सम्म ३९ जनालाई उद्धार गरेकोमा ३ जना भारतीय नागरिक, २ जना नेपाली नागरिकहरुलाई परिवारको जिम्मा लगाइएको, २ जना भारतीयलाई वुटवल मानव सेवा आश्रममा पठाएको, ३ जना पुर्नस्थापना केन्द्र बाटै आफै भागेर वेपत्ताा भएको, ३ जनाको मृत्यु भएको अध्यक्ष श्रेष्ठले बताए । साधारणसभा संस्थाका अध्यक्ष पुननारायण श्रेष्ठको अध्यक्षता, उपाध्यक्ष डिलबहादुर ढुङ्गानाको स्वागत र संस्थाका सचिव राजेन्द्र नेपालीको सञ्चालनमा भएको थियो ।

## खेलकुद समाचार

### बङ्गालादेशले भारतलाई हरायो



**काठमाडौं,** मंसिर २४/भारतलाई हराउँदै १९ वर्षमुनिको पुरुष एशिया कप क्रिकेटको उपाधि बङ्गलादेशले जितेको छ । यूएईमा बङ्गलादेशले दिएको एक सय ९९ रनको लक्ष्य पछ्याएको भारत ३५ ओभर दुई बलमा एक सय ३९ रन बनाउँदा अलआउट भयो । भारतका मोहम्मद अम्मानले सर्वाधिक २६ रन बनाए । बङ्गलादेशका अजिजुल हाकिम र इकबाल होसाइन इमोनले समान तीन विकेट लिए । पहिले ब्याटिङ गरेको बङ्गलादेशका लागि मोहम्मद शिबाब जेम्सले ४० रन बनाए । भारतका युद्धजित गुहा, चेतन शर्मा र हार्दिक राजले समान दुई विकेट लिए । बङ्गलादेशले पाकिस्तानलाई र भारतले श्रीलङ्कालाई हराउँदै फाइनलमा पुगेका थिए । एशियाली क्रिकेट परिषद् (एसीसी) को आयोजनामा यूएईमा भएको पुरुष १९ वर्षमुनिको एशिया कपमा नेपाल पनि सहभागी भएको थियो । नेपालले अफगानिस्तानसँगको खेल जिते पनि समूह चरणबाटै बाहिरिएको थियो ।

वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

मनको आवाज...........

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## अर्थ/कर्पोरेट समाचार

# नेप्से र कारोबार रकम घट्यो



**पाल्पा,** मंसिर २४/अघिल्लो दिनको तुलनामा सोमबार नेप्से परिसूचक र कारोबार रकम दुवै घटेका छन् । उक्त दिन नेप्से १२ दशमलव ८४ अंकले घटेर २ हजार ६ सय ७६ दशमलव १५ विन्दुमा ओर्लेको छ । अघिल्लो दिनको तुलनामा यो ० दशमलव ४७ प्रतिशतले कम हो । आइतबार करिब ४६ अंकले घटेको नेप्सेले सोमबार पनि सोही प्रवृत्ति पछ्याएको हो ।

सोही दिन तीन सय १७ कम्पनीको एक करोड १५ लाख २३ हजार तीन कित्ता शेयर ६२ हजार सात सय ५८ पटक खरिदबिक्री हुँदा पाँच अर्ब ६२ करोड ९९ लाख ४५ हजार आठ सय २२ बराबरको कारोबार भएको छ । कारोबारमा वित्त समूह शून्य दशमलव १५, लगानी शून्य दशमलव ७६, उत्पादन तथा प्रशोधन एक दशमलव ०६, म्युचुअल फन्ड शून्य दशमलव १४ र अन्य समूह शून्य दशमलव ११ प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ४६, विकास बैंक शून्य दशमलव ६८, होटल तथा पर्यटन शून्य दशमलव ८३, जलविद्युत् शून्य दशमलव ५४ र जीवन बिमा समूह एक दशमलव ६७ प्रतिशतले घटेको छ । यसैगरी, लघुवित्त समूह शून्य दशमलव ६१, निर्जीवन बिमा समूह एक दशमलव १६ र व्यापार समूह एक दशमलव ३० प्रतिशतले घटेको छ ।

इमर्जिङ नेपाल लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै आठ दशमलव ७६ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार भएको रकमका आधारमा सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको ३५ करोड २७ लाख २० हजार चार सय ४९ बराबरको कारोबार भएको छ । शेयर संख्याका आधारमा सबैभन्दा धेरै आरबिबी म्युचुअल फण्ड-को पाँच लाख १७ हजार चार सय कित्ता शेयर किनबेच भएको छ ।

**शिक्षक आवश्यकता**

**दोस्रो पटक प्रकाशित मिति : २०८१/०८/२४**

प्रस्तुत विषयमा तानसेन नगर कार्यपालिकाको कार्यालय तानसेन पाल्पाको च.नं. ५९६ मिति २०८१/०७/०१ को प्राप्त अनुमतीपत्र र मिति २०८१/०६/०९ को यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय बमोजिम नेपाल सरकारको आ.व. ०८१/८२ को सशर्त अनुदानबाट तलव भत्ता खुवाउने गरी यस विद्यालयमा माध्यमिक तहको शिक्षण सिकाइ सहयोग अनुदानको कोटामा गणित विषयको शिक्षक पदपुर्तिका लागि विज्ञापन गरिएको मा उक्त विज्ञापनमा पर्याप्त दरखास्त नपरेकोले विद्यालय व्यवस्थापन समिति बैठकको मिति २०८१/०८/२२ को निर्णय र तानसेन नगर कार्यपालिको च.न ९९४ मिति २०८१/०८/२३ को अनुमतिपत्र बमोजिम पुन : विज्ञापन गरिएको छ । इच्छुक तथा योग्यता पुगेका नेपाली नागरिकहरुबाट देहायको विवरण अनुसारको दरखास्त आह्वान गरिन्छ ।

तपशिल :
**विज्ञापन नं. : ०१/०८१/०८२, पद :** शिक्षक, **पद संख्या :** १ जना,
**विषय :** गणित, **तह :** मा.वि. तृतीय, **नियुक्तीको किसिम :** अनुदान
**शैक्षिक योग्यता :** वि.एड. वा सो सरह (मूल विषय गणित)
**उमेर :** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**तलब स्केल :** प्रचलित नियम अनुसार, **दरखास्त दस्तुर :** रु. १०००/-
**दरखास्त दिने अन्तिम मिति :** २०८१/०९/०१ गते
**सर्म्पक मिति :** २०८१/०९/०३ गते
**परीक्षा मिति :** सम्पर्क मितिमा तोकिनेछ । **परीक्षाको किसिम :** लिखित र मौखिक वा दुवै, **आवश्यक कागजातहरू :** शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु, नेपाली नागरिकताको प्रमाणपत्र, अध्यापन अनुमति प्रमाणपत्र र वायोडाटा र निवेदन । सम्पर्क नं.: ०७५५२१७८४ (विद्यालय), ९८४७०४३३१९ (अध्यक्ष), ९८४७०२८५४८ (प्र.अ.), ९८५७०६०९८५ (स.प्र.अ) ९८५७०४७२९८ (लेखापाल)

***(नोटः अघिल्लो विज्ञापनमा दरखास्त दिने उम्मेदवारलाई परीक्षामा सहभागी गराइने छ ।)***

**श्री भुसलडाँडा माध्यमिक विद्यालय**
तानसेन-१, भुसलडाँडा, पाल्पा

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई